Emerging Nepal

इमर्जिङ्ग नेपाल लिमिटेड

काठमाडौं, नेपाल ।

२०८१/०९/२९ गते (तद्नुसार १३ जनवरी, २०२५) सोमबार का दिन सम्पन्न

# नवौं वार्षिक साधारण सभाको निर्णय पुस्तिका

आर्थिक वर्ष २०८०/८१

Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

**इमर्जिङ्ग नेपाल लिमिटेडको**
**नवौं वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (निर्णय माईन्युट)**
**(पाना नं. १ देखि ५ सम्म)**

१. **वैधानिक सभा :**

इमर्जिङ्ग नेपाल लिमिटेडको मिति २०८१ साल पौष ७ गते (तदनुसार २२ डिसेम्बर, २०२४) आइतबार बसेको सञ्चालक समितिको ९३ औं बैठकको निर्णयानुसार बोलाईएको नवौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री लालमणी जोशीज्यूको अध्यक्षतामा बसी देहाय बमोजिम निर्णय गरी सु-सम्पन्न भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मिति : २०८१ पौष २९ गते (तदनुसार १३ जनवरी , २०२५), सोमबार ।

स्थान : लिसरा रिसेप्सन, नक्साल, काठमाडौं ।

समय : बिहान ९:३० बजे ।

३. **उपस्थिति :**

**सञ्चालकहरुको उपस्थीति**

| | | |
|---|---|---|
| श्री लालमणी जोशी | संस्थापक समुह | अध्यक्ष |
| श्री अशोक कुमार अग्रवाल | संस्थापक समुह | सञ्चालक |
| श्री विनोद आत्रेय | संस्थापक समुह | सञ्चालक |
| श्री विकास सिलवाल | सर्वसाधरण समूह | सञ्चालक |
| श्रीमती शर्मिला श्रेष्ठ महर्जन | स्वतन्त्र | संचालक |

**पदाधिकारीहरुको उपस्थिति :**

श्री विशाल उप्रेती - प्रमुख कार्यकारी अधिकृत

श्री रमेश भण्डारी - कम्पनी सचिव

साथै, कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लिमिटेडको तर्फबाट प्रतिनिधी श्री दामोदर रायमाझी र निर्वाचन अधिकृत काशीनाथ अर्यालको उपस्थिति रहेको थियो ।

४. **सभाको सूचना तथा आवश्यक विवरण :**

मिति २०८१/०९/०७ गते बसेको यस कम्पनीको सञ्चालक समितिको ९३ औं बैठकले मिति २०८१ पौष २९ गते, सोमबारका दिन बिहान ९:३० बजे नवौं वार्षिक साधारण सभा बोलाउने निर्णय गरे अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ र यस कम्पनीको नियमावली बमोजिम सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषयहरु समेत उल्लेख



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

गरी मिति २०८१/०९/०८ र २०८१/०९/१६ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी नवौं वार्षिक साधारण सभा सम्बन्धी जानकारी गराईएको थियो । विद्युतीय ठेगाना उपलब्ध गराउने शेयरधनीहरुलाई सोही ठेगानामा पठाईएको र कम्पनीको वेवसाइट www.emergingnep.com मा पनि साधारण सभा सम्बन्धी सूचना हेर्न सकिने व्यवस्था रहेको थियो ।

५. **सभामा भएका छलफलका विषयहरु :**

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची**

**(क) सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ असाढ मसान्तसम्मको वासलात र आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी इमर्जिङ्ग भेन्चर लि. तथा होटल एलिस द वन्डर इन लि. को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।

४. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । ( कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम बहालवाला लेखापरीक्षक श्री **K.J. & Associates, Chartered Accountant** पुनः नियुक्त हुन योग्य रहेको ।)

५)संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालक चयनको लागि निर्वाचन गर्ने ।

**(ख) विविध :**

६. **शेयरधनीहरुको उपस्थिति :**

| कुल शेयर संख्या | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधिपत्रद्वारा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ५५,५६,००० | ११ | २६ | ३७ | ३९,०२,३५१ | ७०.२४% |

७. **गणपूरक संख्या एवम् बैधानिकता :**

सभाको प्रारम्भमा कम्पनी सचिव श्री रमेश भण्डारीले यस साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावली बमोजिम बोलाइएको र यस सभामा कम्पनीको शेयर रजिष्ट्रार श्री एन आई सी एशिया क्यापिटल लिमिटेडका पदाधिकारीले दिनुभएको जानकारी अनुसार शेयरधनी महानुभावहरुको प्रतिनिधित्व तथा उपस्थितिबाट कम्पनी ऐन, २०६३ को दफा ६९, दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम गणपूरक संख्या पुग्न गएको हुँदा नवौं वार्षिक साधारण सभा वैधानिक रहेको घोषणा गर्नुभयो ।



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

८. **सभाको अध्यक्षता, आसन ग्रहण र सभा संचालन :**
गणपूरक संख्या पुगेको र साधारण सभा वैधानिक रहेकोले सभाको कार्यक्रम संचालनकर्ता समेत रहनुभएका कम्पनीका कम्पनी सचिव श्री रमेश भण्डारीले कम्पनी ऐन २०६३ को दफा ७४ (१) तथा कम्पनीको नियमावली बमोजिम साधारण सभाको अध्यक्षता गरिदिनुहुन सञ्चालक समितिका अध्यक्ष श्री लालमणी जोशीज्यूलाई अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो । ततपश्चात्, कम्पनीका सञ्चालक समितिका सञ्चालकज्यूहरु, नियमनकारी निकायका प्रतिनिधि लगायत आमन्त्रित शेयरधनी महानुभावहरुलाई आसन ग्रहण गराउनुभयो । तत्पश्चात्, राष्ट्रिय गान बजाई र दीप प्रज्वलन गरी साधारण सभा विधिवत रुपमा प्रारम्भ भयो ।

९. **अध्यक्षज्यूको मन्तव्य :**
कार्यक्रम संचालनकर्ताले अध्यक्षज्यूलाई आफ्नो मन्तव्य राख्न अनुरोध गर्नुभए बमोजिम अध्यक्षज्यूले सभामा पाल्नुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु लगायत सभामा आमन्त्रित सबैलाई स्वागत गर्दै सभा समक्ष संलग्न वार्षिक प्रतिवेदनमा उल्लेख भए बमोजिमको मन्तव्य राख्नुभयो ।

१०. **मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु उपर छलफलका लागि आह्वान :**
निम्न लिखित शेयरधनी महानुभावले साधारण सभाको लागि लिखित रुपमा आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न तथा सुझावहरु प्रदान गर्नु भएको थियो ।

१. **श्री चन्द्र नारायण श्रेष्ठ, सर्वसाधारण शेयरधनी**
कम्पनीले वार्षिक साधारण सभा पुस मसान्तमा नै सम्पन्न गर्ने उद्देश्यले आज बोलाइएकाले श्री चन्द्र नारायण श्रेष्ठले धन्यवाद ज्ञापन गर्दै आगामी वर्ष प्रतिफलको सुनिश्चितता हुनेगरी कार्य सम्पादन उत्कृष्ट हुनेमा विश्वास गर्नु भयो । संस्थागत सुशासनलाई आत्मसात गर्दै, खर्चमा मितव्ययिता अपनाई कम्पनीको समग्र वित्तिय अवस्था सुधार्न तथा Return on Equity बढाउदै जानेमा आफु विश्वस्त रहेको धारणा राख्नुभयो ।

२. **श्री लक्ष्मण बहाहुर श्रेष्ठ, सर्वसाधारण शेयरधनी**
कम्पनीले यस वर्ष लाभाशं नदिए पनि आगामी वर्षहरुमा लाभाशं वितरण गर्नेछ भन्ने विश्वास व्यक्त गर्दै कम्पनीले वार्षिक साधारणसभा असोज मसान्त भित्रै सम्पन्न गर्न श्री लक्ष्मण बहाहुर श्रेष्ठले सुझाव दिनुभयो । उहाँले कम्पनीले आर्थिक सुशासन कायम गर्दै खर्चमा मित्व्ययीता अपनाउन आग्रह गर्नुभयो ।

३. **श्रीमती निरुपमा गुप्ता, सर्वसाधारण शेयरधनी**

कम्पनीको नवौं वार्षिक साधारण सभा समयमै सम्पन्न गरेकोमा धन्यवाद व्यक्त गर्दै शेयरधनीलाई Double Digit को लाभाशं दिन सकोस भनी श्रीमती निरुपमा गुप्ताले शुभकामना व्यक्त गर्नुभयो । साथै कम्पनीले Corporate Social Responsibility तर्फ पनि केही खर्च गरोस् भन्ने धारणा राख्नु भयो । यसका अलावा कम्पनीको आगामी वर्षको लागि के कस्ता रणनीति र Investment Policy रहेका छन् भनी जिज्ञासा राख्नु भयो ।

यसका अलावा अन्य कसैको कुनै पनि जिज्ञासा, प्रश्न तथा सुझावहरु सभामा प्रस्तुत गर्नका लागि प्राप्त नभएको कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

**सभामा उठेका प्रश्न तथा जिज्ञासाहरुको प्रत्युत्तर :**

**वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुले लिखित रुपमा उठाउनु भएको जिज्ञासा, प्रश्न तथा सुझाव उपर अध्यक्षज्यूले दिनुभएको समष्टिगत प्रत्यूत्तरको सारांश :**

विश्व बजारमा उत्पन्न असहज अवस्था र विभिन्न अन्तराष्ट्रिय परिदृश्य र बाधा, अवरोधलाई सामना गर्दै लक्ष्य प्राप्ति गर्ने दिशामा मन, वचन र कर्मले लागिरहेको, सम्पूर्ण सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीहरु सोही दर्शनबाट निर्देशित भएर कार्य गरिरहेको व्यहोरा सभालाई जानकारी गराउनुभयो । कम्पनीले संस्थागत र आर्थिक सुशासनलाई गम्भीर रुपमा लिएर अगाडि बढि रहेको र शेयरधनीलाई उचित प्रतिफल दिन सकिने विश्वास लिएको व्यहोरा सभालाई जानकारी गराउनुभयो । आगामी दिनहरुमा पनि लगानीका नयाँ क्षेत्रहरु पहिचान गरी लगानी गर्ने, कम्पनीको Investment Policy लाई बजार र अर्थतन्त्रको अवस्थाका आधारमा समय सापेक्ष परिमार्जन गर्दै लाने र दिगो रुपमा शेयरधनीलाई प्रतिफल सुनिश्चित गर्न तर्फ कम्पनी अग्रसर रहेको जानकारी गराउनुभयो ।

**११. प्रस्तावहरुको प्रस्तुति :**

अध्यक्षज्यूको निर्देशन अनुसार कम्पनी सचिवले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा कम्पनीको आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात, सोहि मितिमा समाप्त आ.व. २०८०/८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु एवं सभामा छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गतका सम्पूर्ण प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**१२. सभाको निर्णय :**

**(क) सामान्य प्रस्ताव :**

१. सामान्य प्रस्ताव (१) अन्तर्गत आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा आर्थिक वर्ष २०८०/८१ को लागि सञ्चालक समितिको प्रतिवेदन छलफल भइसकेकोले सोलाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

२. सामान्य प्रस्ताव (२) अन्तर्गत लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८०/८१ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

३. सामान्य प्रस्ताव (३) अन्तर्गत यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी इमर्जिङ्ग भेन्चर लि. तथा होटल एलिस द वन्डर इन लि. को आ.व. २०८०/८१ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्नको लागि राखिएको प्रस्ताव उपर सभामा छलफल भइसकेकोले सो लाई पारित गरियोस् भनी निर्णयार्थ पेश भएको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।



Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड

४. सामान्य प्रस्ताव (४) अन्तर्गत लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव सभामा प्रस्तुत भएपछि लेखापरीक्षण समितिको सिफारिश बमोजिम आ.व. २०८१/८२ को बाह्य लेखापरीक्षणका लागि श्री के.जे. एण्ड एसोसियट्स नियुक्त गर्ने र बाह्य लेखापरीक्षकले गर्नुपर्ने Certification, Tax Audit लगायतका सम्पूर्ण आवश्यक कार्य गर्नका लागि निजलाई मूल्य अभिवृद्धि कर (VAT) बाहेक रु.१,००,०००/- (अक्षरेपी एक लाख रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने प्रस्ताव निर्णयार्थ सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

५. सामान्य प्रस्ताव (५) अन्तर्गत संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालक चयनको लागि निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन अधिकृत अधिवक्ता श्री काशीनाथ अर्यालद्वारा निर्वाचित हुनुपर्ने आवश्यक संख्या ४ बराबर ४ जनाको मात्रै उम्मेद्वारी परेकाले संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने श्री लालमणी जोशी, श्री अशोक कुमार अग्रवाल, श्री चन्द्र टण्डन र श्री विनोद आत्रेय ४ वर्षको कार्यकालका लागि कम्पनीको संचालकमा निर्विरोध निर्वाचित भएको व्यहोरा सभा समक्ष राख्नुभएकोमा सोलाई सभाले सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**(ख) विविध**

उपरोक्त बाहेक छलफलको लागि अन्य कुनै विषय नभएकोले कम्पनी सचिवले उपस्थित सबैलाई धन्यवाद दिँदै सभा विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

अध्यक्षज्यूले यस सभामा आफ्नो अमूल्य समय दिई सहभागी हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावज्यूहरुलाई यस साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गरिदिनु भएकोमा हृदयदेखि नै नमन र धन्यवाद ज्ञापन गर्दै कम्पनीलाई अझ थप उचाईमा पुऱ्याउनको लागि निरन्तर रुपमा आफ्नो राय, सुझाव एवं मार्गदर्शन प्रदान गर्नुहुने नियामक निकायहरु, आदरणीय शेयरधनी महानुभावज्यूहरु, कम्पनीका सञ्चालकज्यूहरु, तथा सम्पूर्ण कर्मचारीहरुबाट भविष्यमा समेत सहयोग एवं मार्गदर्शन प्राप्त भइरहने अपेक्षा एवं विश्वास राख्दै नवौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

**रमेश भण्डारी**
**कम्पनी सचिव**

**लालमणी जोशी**
**अध्यक्ष**

**मिति : २०८१/०९/२९**

Emerging Nepal
इमर्जिङ्ग नेपाल लिमिटेड